प्रदेश सरकारको

आ.व. २०७७/७८ देखि २०७९/८० सम्मको

# मध्यमकालीन खर्च संरचना

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

२०७७

# मन्तव्य

सार्वजनिक खर्चको कुशल व्यवस्थापनद्वारा आवधिक योजना तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुले लिएका समष्टिगत विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। मध्यमकालीन खर्च संरचनालाई विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारको रुपमा लिइन्छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदेश सरकारले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्यरुपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ।

आवधिक योजना र वार्षिक बजेटबीच अन्तरसम्बन्ध कायम गर्ने महत्वपूर्ण माध्यमको रुपमा मध्यमकालीन खर्च संरचना रहेको हुन्छ। यस खर्च संरचनामा आगामी पहिलो आर्थिक वर्षको अनुमान र त्यसपछिका दुई आर्थिक वर्षको प्रक्षेपण गरी तीन वर्षको चक्रिय बजेट प्रस्तुत गरिएको छ। साथै विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड – १९ को संक्रमणका कारण स्रोत व्यवस्थापन तथा राजस्व परिचालनमा उत्पन्न नकारात्मक असरलाई न्यूनीकरण गर्दै अर्थतन्त्रको पुनर्उत्थान गर्ने दिशामा यस खर्च संरचना केन्द्रित गरिएको छ। यसबाट विषय क्षेत्रगत मन्त्रालय/निकायहरुलाई आवश्यक स्रोतसहित सार्वजनिक वित्तको पूर्वानुमान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। राष्ट्रिय सोच - **समृद्ध नेपाल सुखी नेपाली**लाई केन्द्रमा राखी वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्न वि.सं. २०७९ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील मुलुकबाट स्तरोन्नति हुन दीर्घकालीन सोचसहितको पन्ध्रौं योजना तथा प्रदेशको प्रथम आवधिक योजना (वि.सं. २०७७/७८-२०७९/८०) मा उल्लिखित लक्ष्य र उद्धेश्यहरु हासिल गर्न यस खर्च संरचनाले सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ। वित्त अनुशासन कायम गरी प्राथमिकता प्राप्त क्षेत्रमा पर्याप्त बजेट विनियोजन मार्फत सार्वजनिक खर्चको कुशल र प्रभावकारी व्यवस्थापन गरी अपेक्षित नतिजा हासिल गर्न सघाउ पुग्ने विश्वास लिइएको छ।

मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन क्षेत्रगत नतिजा सूचकका आधारमा समष्टिगत मध्यमकालीन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गर्न सकिने खालका संक्षिप्त तालिका विकास गरिएको छ। खर्च प्रक्षेपण गर्दा आवधिक योजनाका साथै कोभिड – १९ महामारीको सम्भावित असर तथा प्रभाव, विषय क्षेत्रगत योजना, रणनीतिक योजना, दिगो विकासका लक्ष्यहरुलाई समेत आधार लिइएको छ। अपेक्षित लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै लैजान आवश्यक छ।

अन्तमा यस मध्यकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न हुनुहुने यस मन्त्रालयका सचिव लगायत सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

२०७७ ज्येष्ठ

कैलाश प्रसाद ढुङ्गेल
आर्थिक मामिला तथा योजना मन्त्री

# विषयसूची


| क्रम संख्या | अनुदान संख्या | मन्त्रालयगत/निकायगत | | पाना |
|---|---|---|---|---|
| १ | | प्रदेश सरकारको आ.व. २०७७/७८ देखि २०७९/८० सम्मको मध्यमकालीन खर्च संरचना | ........................................................... | A-B |
| २ | २०२ | प्रदेश-सभा सचिवालय | ............................................................ | १ |
| ३ | २१० | प्रदेश लोक सेवा आयोग | ............................................................ | ३ |
| ४ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ............................................................ | ५ |
| ५ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ............................................................ | ७ |
| ६ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ............................................................ | ९ |
| ७ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ............................................................ | ११ |
| ८ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ............................................................ | १५ |
| ९ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ............................................................ | १८ |
| १० | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ............................................................ | २० |
| ११ | ३५० | सामाजिक विकास मन्त्रालय | ............................................................ | २२ |
| १२ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ............................................................ | २६ |

# प्रदेश सरकारको
# आ.व. २०७७/७८ देखि ०७९/८० सम्मको
# मध्यमकालीन खर्च संरचना

**परिचयः**

आवधिक योजनालाई बजेटसँग र बजेटलाई कार्यक्रमसँग जोड्ने औजारलाई मध्यमकालीन खर्च संरचना (MTEF) भनिन्छ। यो खर्चको ३ वर्षे प्रक्षेपण गर्ने विधि हो। यो सरकारी खर्चको अग्रिम योजना हो। सरकारी खर्चलाई व्यवस्थापन गर्न प्रयोग गरिने एउटा नयाँ अवधारणाको रुपमा यसलाई लिइन्छ। यसको पूरा रुप Mid Term Expenditure Framework हो। नेपालमा यसलाई आ.व. २०५९/६० देखि प्रयोगमा ल्याइएको हो। सरकारले गर्ने सबै खर्चलाई एउटै थलोमा राखेर प्राथमिकताका आधारमा बाँडफाँट गरी खर्चको उपलब्धि बढाउनु यसको प्रमुख उद्देश्य हो।

**अन्य उद्देश्यहरुः**

- सरकारी खर्चमा पारदर्शिता बढाउने
- वित्तीय अनुशासन कायम गराउने
- योजनामा बजेटको सुनिश्चितता गर्ने
- सरकारको प्राथमिकता निर्धारण गर्ने
- गैर बजेटरी खर्च नियन्त्रण गर्ने
- स्रोत साधनको महत्व र उपयोगी परिचालन गर्ने
- वित्तीय जवाहदेहिता पूरा गर्ने।

**MTEF को आवश्यकताः**

- योजनालाई बजेटसँग र बजेटलाई कार्यसम्पादनसँग आवद्ध गरी साधनलाई उपलब्धिमूलक बनाउन,
- आयोजनाहरुको प्राथमिकीकरण (P१, P२, P३) गर्न,
- प्राथमिकता प्राप्त आयोजनालाई साधनको सुनिश्चितता गर्न,

- सिमित साधन र असिमित आवश्यकता बिचको खाडल कम गर्न,
- सरकारी खर्च प्रवाहको भविष्यवाणी गर्न,
- खर्चको अग्रिम अनुमान गर्न,
- सरकारका सबै अंगको भूमिका स्पष्ट गर्न,
- बहुवर्षीय ठेक्कालाई सहयोग गर्न,
- सरकारी खर्च व्यवस्थाको कमी कमजोरी हटाउन,
- सरकारको स्रोत साधनलाई राष्ट्रिय बजेट प्रणालीमा ल्याई प्राथमिकताको आधारमा बाँडफाँट गर्न,
- सार्वजनिक खर्चमा मितव्ययीता हासिल गर्न।

**कानुनी व्यवस्थाः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद - ६ (सार्वजनिक खर्च व्यवस्था) दफा १७ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः-

(१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आ. व.मा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिने मध्यमकालीन खर्च संरचनामा देहायका विवरण मिलाउनु पर्नेछ -

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका २ आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,

(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च व्यहोने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धीको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,

(छ) सञ्चालित योजना भए गत आ.व.मा छुट्याएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

# मन्त्रालयगत/निकायगत
# त्रिवर्षीय खर्च प्रक्षेपण

# प्रदेश-सभा सचिवालय

**१. पृष्ठभूमिः**

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण गर्दछ। ती कार्यहरु मर्यादितरुपमा व्यवस्थापन गर्न  सभामुख र उप सभामुखको व्यवस्था गरेको छ। बागमती प्रदेशको प्रदेश सभा नियमावली २०७४ मा विभिन्न समितिहरु संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचनाहरु रहने व्यवस्था छ। उल्लेखित संरचनाको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्नको लागि कर्मचारीहरुको आवश्यक्ता पर्ने हुनाले प्रदेश सभा सचिवालयको स्थापना भएको हो।

**२. सोचः**

प्रदेश स्तरीय राज्य व्यवस्थामा विधिको शासन र संविधानको भावनालाई सम्मान गर्ने।

**३. उद्देश्यः**

- सार्वजनिक सरोकारका विषयमा जनहित प्रवर्धन गर्न आवश्यक विधेयकको औचित्यता पुष्टि गर्दै कार्यान्वयनको लागि पास गर्ने।
- सरकारका हरेक गतिविधीमा संसदीय समिति मार्फत निगरानी एवं निर्देशन गर्दै सरकार सञ्चालनका लागि मार्ग प्रसस्त गर्ने।
- सार्वभौम संसदको रुपमा रहेको सभाले सरकार गठन र अविश्वासको प्रस्तावको माध्यमबाट शखक्त पृथकीकरणको सिद्धान्त अवलम्बन गर्दै समिति सरकारको अवधारणालाई मुर्त रुप दिने।

**४. लक्ष्यः**

- मौलिक हक कार्यान्वयन गर्न कानून निर्माण गर्ने।
- सार्वजनिक महत्वका विषयमा आवश्यक कानून निर्माण गर्ने।
- संसदको विधायिकि कार्यमा सहयोग गर्ने।
- संसदीय समिति मार्फत विषयगत मन्त्रालयहरुको कार्यमा नियन्त्रण निगरानी एवं समन्त्वय गर्ने।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपण:

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| २०२००००२१ | प्रदेश सभा | १०८२५ | ० | | १०८२५ | ११९०८ | ० | ० | १३००० | १३०९८ | ० | ० | १३००० |
| २०२००००११ | प्रदेश सभा | २०९४३६ | ० | | २०९४३६ | २३०३८० | ० | ० | २४०००० | २५३४१८ | ० | ० | २६०००० |
| २०२००००१२ | प्रदेश सभा सचिवालय | ५००१२ | ४९२५० | | ९९२६२ | ५५०१३ | ५४१७५ | ० | १९२५०० | ६०५१५ | ५९५९३ | ० | २१७०५६ |

# प्रदेश लोक सेवा आयोग

**१. पृष्ठभूमिः**

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ भन्ने व्यवस्था रहेको छ। संघीय सरकारको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बागमती प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल भाद्र २८ गते पारित भई प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भएको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (४) बमोजिम २०७६ साल मंसिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको छ। साथै २०७६ साल माघ ६ गते २ जना सदस्यहरूको नियुक्तिसँगै आयोगले पूर्णता पाएको छ।

**२. सोचः**

निष्पक्ष, प्रतिस्पर्धा र योग्यता प्रणालीको माध्यमबाट परीक्षा सञ्चालन गरी गुणस्तरीय, चुस्त र परिणाममुखी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न सक्ने सक्षम र योग्य जनशक्तिको समुचित व्यवस्था गर्दै सार्वजनिक प्रशासनमा योग्यता प्रणालीलाई स्थापित गर्ने।

**३. लक्ष्यः**

प्रदेश लोक सेवा आयोगलाई जनशक्ति तथा स्रोत साधनले सम्पन्न बनाई प्रदेश र स्थानीय सरकारी सेवामा रिक्त पदहरुमा उचित पद्दति, साधन र प्रविधिको प्रयोग गर्दै सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संसाधन छनौट गरी सिफारिस गर्ने।

**४. उद्देश्यहरुः**

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र अन्य सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपण :

(रु.हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| २१००००01 | प्रदेश लोक सेवा आयोग | ६८३८ | ० | ० | ६८३८ | ७५२२ | ० | ० | ७५२२ | ८२७४ | ० | ० | ८२७४ |
| २१००००११ | प्रदेश लोक सेवा आयोग | ५३७७४ | ७२४० | ० | ६१०१४ | ५९१५१ | ७९६४ | ० | ६७११५ | ६५०६७ | ८७६० | ० | ७३८२७ |

# मुख्य न्यायाधिवक्ताको कार्यालय

## १. पृष्ठभूमिः

नेपालको संविधानको धारा १६० (१) मा प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने प्रावधान छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तब्य हुनेछ भन्ने संवैधानिक व्यवस्था गरिएको छ। बागमती प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ मा संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अन्य काम, कर्तव्य र अधिकार समेत तोकिएको छ। जस अनुसार प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकारको संविधान एवं कानूनको ब्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, प्रदेश सरकारले तोकेको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय प्रदान गर्ने लगायतका काम कर्तब्य मुख्य न्यायाधिवक्तालाई तोकेको छ। मुख्य न्यायाधिवक्ताको संवैधानिक एवं कानूनी जिम्मेवारी बहन गरी कार्य सम्पादन गर्न कै लागि यस कार्यालयको स्थापना भएको हो।

संगठनको लक्ष्य अनुरुप प्रभावकारी कार्य सम्पादनको लागि उपयुक्त वातावरण निर्माण हुन आवश्यक छ। यसका लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय संचालन सम्बन्धी सामाग्री लगायत भौतिक साधन र पूर्वाधारहरुको समुचित व्यवस्थापन हुन आवश्यक छ। तर यस कार्यालयको आफ्नै भवन छैन। हाल यस कार्यालय हेटौंडा उपमहानगरपालिका वडा नं. १ स्थित श्रम कार्यालयको भवनमा रही आएको छ। कार्यालयमा बैठक कक्ष, पुस्तकालय, सवै कर्मचारीको लागि कार्यकक्ष समेतका लागि पर्याप्त स्थान छैन। वर्तमान कार्यालय भवनको विकल्प खोज्नु पर्ने टड्कारो आवश्यकता महशुस गरिएको छ।

## २. सोचः

प्रदेश सरकारलाई कानून बमोजिम कार्य सम्पादन गर्न सहयोगी भुमिका निर्वाह।

## ३. उद्देश्यः

- प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई संबैधानिक वा कानूनी विषयमा राय परामर्श माग गरेमा कानूनी राय प्रदान गर्ने।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको पक्षबाट बहश पैरवी गर्ने।
- प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने।
- मानवअधिकार र मौलिक हकको संरक्षणका लागि आवश्यक कार्य गर्ने।

## ४. लक्ष्यः

- संविधान र कानूनी प्रश्नमा सरकारले मागेको राय सल्लाह सुझाव प्रदान गर्ने।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको पक्षबाट बहश पैरवी गर्ने।
- महान्यायाधिवक्तासंग समन्वय गरी प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी मुख्यमन्त्री र महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्ने।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| २१६०००११ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १५७५० | १७५० | ० | १७५०० | १७३२५ | १९२५ | ० | १९२५० | १९०५७५ | २११७५ | ० | २११७५ |

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**१. पृष्ठभूमिः**

प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्य प्रदेश सरकारले गर्दछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकारको प्रमुख निकायका रूपमा रहेको छ। राजनीतिक र प्रशासनिक दुबै दृष्टीकोणले उच्च निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रदेशको प्रशासनको केन्द्रविन्दुको रुपमा रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्य, प्रदेश सरकारको नीति तर्जुमा, प्रदेश भित्रका सार्वजनिक प्रशासन र सेवाको सुदृढीकरण, प्रदेशका सबै मन्त्रालयहरूको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्यांकन एवं सूचना प्रविधि प्रयोग र अभिलेख व्यवस्थापन सम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरुको कार्यसम्पादनस्तरलाई प्रभावकारी बनाउन सघाउँ पुग्दछ ।

**२. सोचः**

"सुसंस्कृत र सुखी जनता: समाजबाद उन्मुख समृद्ध प्रदेश"

**३. लक्ष्यः**

"प्रशासनमा सुशासन, सेवा प्रवाहमा पारदर्शीता, नेतृत्वमा गतिशीलता, शासन व्यवस्थामा नागरिकको सहभागीता"

**४. उद्देश्यहरुः**

- संघीय शासन प्रणाली अनुरुप नागरिकलाई नजिकको विन्दुबाट सेवा प्रवाह गर्न आवश्यक संस्थागत संरचनागत विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।
- निष्ठावान, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास गर्नु।
- मजबुत प्रादेशिक शासन प्रणालीमा आधारित समृद्ध प्रदेश गर्नु।
- समृद्ध प्रदेश विकासका लागि मजबुत शासन प्रणाली स्थापना गर्नु ।
- पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको शासन सुनिस्चित गर्नु ।
- भष्ट्राचार नियन्त्रण गरी सदाचारयुक्त समाज निर्माण गर्नु ।

- सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तर सरकार समन्वय गरी गुणस्तरिय सेवा प्रवाह गर्नु।
- सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुचयोग्य बनाई विकास प्रकृयालाई अपेक्षाकृत बनाउनु ।

## ५. समस्या तथा चुनौती

नेपालको संविधानले व्यवस्था गरेको प्रदेश सरकारको एकल अधिकारको सूची भित्रका विषयहरु कार्यान्वयनको लागि आवश्यक कानूनी, संस्थागत र संरचनागत व्यवस्था गर्दै प्रदेश सरकारको सेवा प्रवाहलाई दिगो र प्रभावकारी बनाउनु चुनौती रहेकोछ ।

## ६. त्रिवर्षीय खर्च प्रक्षेपण :

(रु.हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०१०००११ | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २१५३६१ | २५१६३० | | ४६६९९१ | २३६८९७ | २७६७९३ | ० | ५१३६९० | २६०५८७ | ३०४४७२ | ० | ५६५०५९ |
| ३०१०००१२० | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सशर्त अनुदान) | ३४६४०० | ५२७०० | | ३९९१०० | ३८१०४० | ५७९७० | ० | ४३९०१० | ४१९१४४ | ६३७६७ | ० | ४८२९११ |

# आर्थिक मामिला तथा योजना मन्त्रालय

**१. पृष्ठभूमिः**

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको मिति २०७४ साल माग २८ गते गठन भई कार्यारम्भ गरेको छ। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाडँफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ।

प्रदेशस्तरको आर्थिक स्थायित्व र मुल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेश स्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरु सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो।

**२. सोचः**

सबल वित्त तथा आर्थिक क्षेत्र व्यवस्थापन मार्फत दिगो, फराकिलो तथा उच्चदरको आर्थिक वृद्धि हासिल गरी प्रदेशको आर्थिक सक्षमता अभिवृद्धि गर्ने।

**३. उद्देश्यः**

उपलव्ध स्रोत साधनको अधिकतम उपयोग मार्फत आर्थिक तथा सामाजिक विकासमा सघाउँ पुऱ्याउने।

**४. लक्ष्यः**

राजश्वका स्रोतहरुको क्षेत्र पहिचान गरी आर्थिक उपलब्धिको न्यायोचित वितरणमार्फत गरिबी निवारण, रोजगारी सिर्जना गर्दै समृद्ध प्रदेश निर्माणमा योगदान पुऱ्याउने।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपण:

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०५०००११ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८६३१० | ३७४६५ | | १२३७७५ | ९४९४१ | ४१२१२ | ० | १३६१५३ | १०४४३५ | ४५३३३ | ० | १४९७६८ |
| ३०५०१०११ | प्रदेश लेखा नियन्त्रकको कार्यालय | २६७९२ | १००२५ | | ३६८१७ | २९४७१ | ११०२८ | ० | ४०४९९ | ३२४१८ | १२१३० | ० | ४४५४९ |

## ६. त्रिवर्षीय राजस्व तथा आय प्रक्षपणः

### राजस्व तथा आयतर्फको प्रक्षेपण
### (आ.व. २०७७/७८ — २०७९/८०)

(रु. हजारमा)

| शिर्षक | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|---|
| कर राजस्व | २०८३७९७७ | २२९२१७७५ | २५२१३९५२ |
| अन्तरसरकारी अनुदान | १७८६९८०० | १९६५६७८० | २१६२२४५८ |
| अन्य राजस्व | ५२१९७१७ | ५७४१६८९ | ६३१५८५८ |
| राजस्व बचत | ७५००००० | ८२५०००० | ९०७५००० |
| **जम्मा** | **५१४२७४९४** | ५६५७०२४३ | ६२२२७२६८ |

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमि :

नेपालको दिगो विकासमा उद्योग, पर्यटन तथा वन क्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ। उद्योग र वन आर्थिक क्षेत्रका क्षेत्रका मुख्य अङ्ग हुन। यसले देशमा रोजगारीको सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता, स्थानीय समुदायको आधारभूत वन पैदावारको आवश्यक्ता पूर्ति गर्नमा सहयोग पुऱ्याउँछ र सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत आधार सहितको औद्योगिक विकास मार्फत रोजगारी सिर्जना गरी गरीब न्युनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ। त्यसैगरी जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक, सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रुपमा रहन गएको छ।

त्यसैगरी वाणिज्य क्षेत्रको विकासले वस्तु तथा सेवाको सहज आपूर्ति र देशमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक बृद्धिका साथै वैदेशिक वस्तुको व्यापार साथै सेवाको व्यापारबाट नवोदित अर्थतन्त्रले बढी फाइदा लिन व्यापारलाई आर्थिक विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ र प्राकृतिक, साँस्कृतिक, साहसिक ऐतिहासिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तब्यहरुको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन उद्योगलाई अर्थतन्त्रको एक प्रमुख आधारको रुपमा विकास गर्न जरुरी छ। पर्यटन प्रबर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ। त्यसैगरी ज्ञानमा आधारित आधुनिक अर्थतन्त्रको निर्माण गर्दै दिगो विकास गर्न विज्ञान प्रविधि महत्वपूर्ण हुन आउँछ। खासगरी परमाणु प्रविधि, अन्तरिक्ष विज्ञान, जैविक प्रविधि, अतिसूक्ष्म प्रविधि र अन्य नवीनतम खोजका क्षेत्र लगायतका विधामा सुरु भएका कार्यलाई प्रभावकारी रुपमा अघि बढाउँदै तिनको प्रयोगबाट द्रुततर आर्थिक विकासमा लाग्नुपर्ने आवश्यक्ता टड्कारो देखिएको छ।

## २. सोच :

- सघन तथा विविधतायुक्त वनश्रोत, विशिष्टीकरण जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्र।
- अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रुपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण।
- वाणिज्य क्षेत्रको विस्तार गरी निकासी प्रवर्द्धन मार्फत आर्थिक समृद्धि।

- गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण।
- आर्थिक समृद्धिका लागि पर्यटन विकास।
- विज्ञान तथा प्रविधिको विकासबाट समृद्धि।

**३. उद्देश्य :**

- वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने।
- जलवायु परिवर्तनबाट असर पर्ने क्षेत्र र समुदायको पुनरुत्थानका लागि न्यूनीकरण र अनुकूलन कार्यहरु सञ्चालन गरी मानवको जीवन यापनमा सहजता ल्याउने।
- वातावरणको संरक्षणका लागि जल, जमिन, हावामा हुने प्रदुषण कम गर्ने।
- विकास र वातावरणको बीच सन्तुलन कायमगरी दिगो विकासको समग्रता गर्ने।
- प्रदेश भित्रको स्थानीय श्रोतको दिगो सदुपयोगबाट औद्योगिक वातावरण श्रृजना गरी उत्पादन र रोजगारी बृद्धि गर्ने।
- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने।
- औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्ने।
- प्रदेश भित्रको स्थानीय श्रोतको दियो सदुपयोगबाट औधोगिक वातावरण श्रृजना गरी उत्पादन र रोजगारी बृद्धि गर्ने।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रबर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामिण तहसम्म विस्तार गर्ने।
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्ने।
- उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने ब्यवस्था मिलाउने।
- बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउदै विपद्को समयमा समेत उपभोग्य वस्तुको आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्ने।

- आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउने।
- देशलाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्ने।
- पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्ने।
- नेपालका प्रमुख पर्यटकीय उपजहरुको बजारीकरण तथा प्रबर्द्धन गर्ने।
- धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रको संरक्षण र प्रबर्द्धन गरी पर्यटन विकासलाई बहुउद्देशीय, बहुआयामीक बनाउने।

## ४. लक्ष्य:

- औधोगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि गर्ने।
- वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्बर्द्धन, ब्यवसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी परिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रबर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्ने।
- गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सर्वसुलभ वितरणको ब्यवस्था मिलाई आपूर्ति ब्यवस्था प्रभावकारी बनाउने।
- पर्यटन पूर्वाधार तथा पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिबृद्धि गर्ने।
- लाभको न्यायोचित वितरण गर्ने।
- समाजवाद उन्मुख कार्यक्रम तर्जुमा गरी सामाजिक, आर्थिक, भौतिक विकास गर्ने।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७३०३० | २६३५० | | ९९३८० | ८०३३३ | २८९८५ | ० | १०९३१८ | ८८३६६ | ३१८८४ | ० | १२०२५० |
| ३०७००१०१ | पर्यटन विकास आयोजना | ६१६८ | २३० | | ६३९८ | ६७८५ | २५३ | ० | ७०३८ | ७४६३ | २७८ | ० | ७७४२ |
| ३०७००१०५ | भू तथा जलाधार संरक्षण कार्यक्रम | ४७०० | ३७००७५ | | ३७४७७५ | ५१७० | ४०७०८३ | ० | ४१२२५३ | ५६८७ | ४४७७९१ | ० | ४५३४७८ |
| ३०७००१०६ | राष्ट्रिय वन संरक्षण तथा ब्यस्थापन कार्यक्रम | १५१०७१ | १७११८५ | | ३२२२५६ | १६६१७८ | १८८३०४ | ० | ३५४४८२ | १८२७९६ | २०७१३४ | ० | ३८९९३० |
| ३०७००११२ | उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | ७२४०७ | ४०२०४२ | | ४७४४४९ | ७९६४८ | ४४२२४६ | ० | ५२१८९४ | ८७६१२ | ४८६४७१ | ० | ५७४०८३ |
| ३०७००११४ | पर्यटन प्रबर्धन तथा पूर्वाधार विकास कार्यक्रम | २५७०० | ११३६५९५ | | ११६२२९५ | २८२७० | १२५०२५५ | ० | १२७८५२५ | ३१०९७ | १३७५२८० | ० | १४०६३७७ |
| ३०७००११५ | वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम | २२१०० | २०२००० | | २२४१०० | २४३१० | २२२२०० | ० | २४६५१० | २६७४१ | २४४४२० | ० | २७११६१ |
| ३०७००१२० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय(संघ शसर्त अनुदान), | ९९६०० | ८०७०० | | १८०३०० | १०९५६० | ८८७७० | ० | १९८३३० | १२०५१६ | ९७६४७ | ० | २१८१६३ |
| ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १४९१२ | ४०० | | १५३१२ | १६४०३ | ४४० | ० | १६८४३ | १८०४४ | ४८४ | ० | १८५२८ |
| ३०७०१०१२ | घरेलु तथा साना उद्योग कार्यालयहरु | १०६९२६ | ७६०० | | ११४५२६ | ११७६१९ | ८३६० | ० | १२५९७९ | १२९३८० | ९१९६ | ० | १३८५७६ |
| ३०७०२०११ | वन निर्देशनालय | २३७१० | २७०० | | २६४१० | २६०८१ | २९७० | ० | २९०५१ | २८६८९ | ३२६७ | ० | ३१९५६ |
| ३०७०२०१२ | डिभिजन वन कार्यालयहरु | ६८६७७६ | ११२७५० | | ७९९५२६ | ७५५४५४ | १२४०२५ | ० | ८७९४७९ | ८३०९९९ | १३६४२८ | ० | ९६७४२६ |
| ३०७०२०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | २८३९८ | ७०० | | २९०९८ | ३१२३८ | ७७० | ० | ३२००८ | ३४३६२ | ८४७ | ० | ३५२०९ |
| ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ८८७५ | ११७५० | | २०६२५ | ९७६३ | १२९२५ | ० | २२६८८ | १०७३९ | १४२१८ | ० | २४९५६ |

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**१. पृष्ठभूमिः**

नेपालको संविधानले देशको मुल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरे अनुरुप प्रदेश सभाको निर्वाचन सम्पन्न भई प्रदेश सरकार गठन तथा क्रियाशिल समेत भैसकेको छ। प्रदेश सभाको निर्वाचन पश्चात नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार बागमती प्रदेशमा सातवटा मन्त्रालयहरु स्थापना भई कार्यारम्भ गरिसकेको अवस्था छ। यसैमध्ये यो मन्त्रालय पनि एक हो। प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ ले यस मन्त्रालयलाई कृषि तथा पशुपन्छी विकास, भूमि श्रोत व्यवस्थापन तथा सहकारी क्षेत्रको विकास र समृद्धिको लागि जिम्मेवारी सुम्पिएको छ। २०७४ सालको माघ महिनादेखि यो मन्त्रालय सोही अनुरुप क्रियाशील छ।

उपलब्ध भूमि श्रोतको वैज्ञानिक व्यवस्थापन गरी व्यवसायिक र आधुनिक कृषि प्रणालीको माध्यमबाट खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्दै यस प्रदेशलाई प्रमुख कृषि उपजहरुमा आत्मनिर्भर बनाउने तथा बढ्दो खाद्यान्न आयातलाई क्रमिक रुपमा न्यूनीकरण गर्ने लक्ष्य प्राप्ति गर्न सहकारी तथा नीजि क्षेत्रको प्रवर्द्धन गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी गरिबी न्यूनीकरणमा योगदान गर्ने दिशामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अग्रसर छ।

**२. सोचः**

खाद्य सम्प्रभूत्ता सुनिश्चतता सहितको आत्मनिर्भर र संमृद्ध प्रदेश।

**३. उद्देश्यः**

(क) कृषि क्षेत्रलाई दीगो, प्रतिस्पर्धी आधुनिक र व्यावसायिक वनाउने।

(ख) प्रति इकाई जमिन तथा कृषि श्रमिकको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि मार्फत उद्योग प्रवर्द्धन गरी निर्यात गर्ने अवस्था सृजना गर्ने।

(ग) एकिकृत कृषि, पशु सेवा, भूमि र सहकारी क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गरी बृहत्तर उत्पादन क्षेत्र बनाउने।

(घ) एकल महिला, जनजाति, आदिबासी, दलित लगायत पिछडिएको समुदायमा लक्षित भूमि, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।

(ङ) चक्लाबन्दी गरी कृषिको समग्रमा उत्पादन र उत्पादकत्व बढाउने।

(च) “One Health Approach” मा आधारित वातावरण विकास तथा पशुपन्छी रोग न्यूनीकरण गर्ने।

(छ) स्थानीय र रैथाने जातका कृषि तथा पशुपन्छीहरुको संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण एवं उपयोग गर्ने।

### ४. लक्ष्य

प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर वनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हाँसिल गर्ने।

### ५. त्रिवर्षीय खर्च प्रक्षेपण :

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १८८४९३ | ६२५५०० | | ८१३९९३ | २०७३४२ | ६८८०५० | ० | ८९५३९२ | २२८०७७ | ७५६८५५ | ० | ९८४९३२ |
| ३१२०००१२ | प्रदेश दुग्ध विकास बोर्ड | ८०५५९ | ८९७०५ | | १७०२६४ | ८८६१५ | ९८६७६ | ० | १८७२९० | ९७४७६ | १०८५४३ | ० | २०६०१९ |
| ३१२००१२० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (संघ सशर्त अनुदान) | ३९६२०० | ० | | ३९६२०० | ४३५८२० | ० | ० | ४३५८२० | ४७९४०२ | ० | ० | ४७९४०२ |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | ५३९०७२ | ९९५७० | | ६३८६४२ | ५९२९७९ | १०९५२७ | ० | ७०२५०६ | ६५२२७७ | १२०४८० | ० | ७७२७५७ |
| ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | २२०५० | ६८८७ | | २८९३७ | २४२५५ | ७५७६ | ० | ३१८३१ | २६६८१ | ८३३३ | ० | ३५०१४ |
| ३१२०१०१३ | कन्दमूल तरकारी विकास केन्द्र | १६५९८ | ६९६१ | | २३५५९ | १८२५८ | ७६५७ | ० | २५९१५ | २००८४ | ८४२३ | ० | २८५०६ |
| ३१२०१०१४ | मसलाबारी विकास केन्द्र | ४८३६६ | १८८१९ | | ६७१८५ | ५३२०३ | २०७०१ | ० | ७३९०४ | ५८५२३ | २२७७१ | ० | ८१२९४ |
| ३१२०१०१५ | पुष्प विकास केन्द्र | १७६६२ | २०७०० | | ३८३६२ | १९४२८ | २२७७० | ० | ४२१९८ | २१३७१ | २५०४७ | ० | ४६४१८ |
| ३१२०१०१६ | शितोष्ण वागवानी नर्सरी केन्द्र | १९१४४ | ७०८५ | | २६२२९ | २१०५८ | ७७९४ | ० | २८८५२ | २३१६४ | ८५७३ | ० | ३१७३७ |
| ३१२०१०१७ | किम्बु नर्सरी विकास केन्द्र | १६६५४ | ५६६६ | | २२३२० | १८३१९ | ६२३३ | ० | २४५५२ | २०१५१ | ६८५६ | ० | २७००७ |
| ३१२०१०१८ | उपोष्ण प्रदेशीय वागवानी विकास केन्द्र | २१७९३ | ७२५६ | | २९०४९ | २३९७२ | ७९८२ | ० | ३१९५४ | २६३७० | ८७८० | ० | ३५१४९ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१२०१०१९ | शितोष्ण फलफूल रुट स्टक विकास केन्द्र | २०६३४ | १२०७५ | | ३२७०९ | २२६९७ | १३२८३ | ० | ३५९८० | २४९६७ | १४६११ | ० | ३९५७८ |
| ३१२०१०२१ | माटो तथा मल परीक्षण प्रयोगशाला | १६२८४ | ५३६२ | | २१६४६ | १७९१२ | ५८९८ | ० | २३८११ | १९७०४ | ६४८८ | ० | २६१९२ |
| ३१२०१०२१ | बिउ बिजन प्रयोगशाला | १६९५४ | ५८८० | | २२८३४ | १८६४९ | ६४६८ | ० | २५११७ | २०५१४ | ७११५ | ० | २७६२९ |
| ३१२०१०२२ | बाली संरक्षण प्रयोगशाला | १७६६९ | ११५० | | १८८१९ | १९४३६ | १२६५ | ० | २०७०१ | २१३७९ | १३९२ | ० | २२७७१ |
| ३१२०१०२३ | कृषि ज्ञान केन्द्रहरु | ७०७५७८ | १२८७० | | ७२०४४८ | ७७८३३६ | १४१५७ | ० | ७९२४९३ | ८५६१६९ | १५५७३ | ० | ८७१७४२ |
| ३१२०१०२४ | व्यवसायिक ग्रेनेज केन्द्र | १३३६५ | ५३०० | | १८६६५ | १४७०२ | ५८३० | ० | २०५३२ | १६१७२ | ६४१३ | ० | २२५८५ |
| ३१२०१२५ | प्रजनन पिँढी बिज कोया स्रोत केन्द्र | १८६१४ | ७३८० | | २५९९४ | २०४७५ | ८११८ | ० | २८५९३ | २२५२३ | ८९३० | ० | ३१४५३ |
| ३१२०११०१ | मौरी पालन विकास कार्यक्रम | २९५०४ | १०६५० | | ४०१५४ | ३२४५४ | ११७१५ | ० | ४४१६९ | ३५७०० | १२८८७ | ० | ४८५८६ |
| ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २१६८३० | २०५७० | | २३७४०० | २३८५१३ | २२६२७ | ० | २६११४० | २६२३६४ | २४८९० | ० | २८७२५४ |
| ३१२०२०१२ | पशुसेवा तालिम केन्द्र | २१५९७ | १५१५ | | २३११२ | २३७५७ | १६६७ | ० | २५४२३ | २६१३२ | १८३३ | ० | २७९६६ |
| ३१२०२०१३ | बाखा विकास फार्म | २०४४५ | ७६०० | | २८०४५ | २२४९० | ८३६० | ० | ३०८५० | २४७३८ | ९१९६ | ० | ३३९३४ |
| ३१२०२०१४ | मत्स्य विकास केन्द्रहरु | ३१३४८ | १९७२५ | | ५१०७३ | ३४४८३ | २१६९८ | ० | ५६१८० | ३७९३१ | २३८६७ | ० | ६१७९८ |
| ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरु | १९७४३१ | ५५५१५ | | २५२९४६ | २१७१७४ | ६१०६७ | ० | २७८२४१ | २३८८९२ | ६७१७३ | ० | ३०६०६५ |
| ३१२०२०११ | सहकारी प्रशिक्षालय | २०१४२ | ४८६० | | २५००२ | २२१५६ | ५३४६ | ० | २७५०२ | २४३७२ | ५८८१ | ० | ३०२५२ |

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## १. पृष्ठभूमिः

संबिधान जारी भएपछि राज्य संचालन संघ, प्रदेश र स्थानीय तहबाट हुनेगरी राज्यशक्तीको बाँडफाँट भएको छ। राज्यको पुनर्संरचना पश्चात देशमा हाल ७५३ स्थानीय तह, ७ प्रदेश र संघ रहेको छ। देशमा स्थानीय तह र संघ तथा प्रदेशको निर्वाचन भएपछि नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयानुसार यस बागमती प्रदेशमा सातवटा मन्त्रालयहरु स्थापना भई कार्य सञ्चालन गर्ने मध्ये यो मन्त्रालय पनि एक हो। यस मन्त्रालयको कार्य क्षेत्र खास गरेर शान्ति सुरक्षा, सूचना तथा संचार र प्रदेश स्तरका कानूनहरुको तर्जुमा गर्ने रहेको छ।

प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गरी समग्र देशको शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्ने, नेपालको संविधानद्वारा प्रत्याभुत जनताको अभिव्यक्ति स्वतन्त्रता र सूसुचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन ब्यवस्था संचालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा, समसामयिक संशोधन लगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुर्याउनु यस मन्त्रालयको प्रमुख उद्देश्य रहेको छ।

## २. सोचः

नागरिक स्वन्त्रताको उच्च सम्मान गर्दै सुरक्षित, शान्त एवं प्रविधिमैत्री प्रदेश

## ३. उद्देश्यहरुः

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवं सम्बर्धन गर्ने।
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रबिधिमैत्री शासन ब्यवस्था संचालन गर्ने।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानूनहरुको निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने।
- प्रदेशमा विपद् उत्थानशीलता वृद्रि गर्ने।

## ४. लक्ष्यः

जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी बिधिको शासन एवं प्रविधीमैत्री वातावरण सिर्जना गरी शासकीय प्रवन्ध मिलाउनु यस मन्त्रालयको लक्ष्य रहेको छ।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१४०००११ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १२७९८० | ७२२८८९ | | ८५०८६९ | १४०७७८ | ७९५१७८ | ० | ९३५९५६ | १५४८५६ | ८७४६९६ | ० | १०२९५५१ |
| ३१४०००१२ | संचार रजिष्ट्रारको कार्यालय | २४८८१ | ४२५० | | २९१३१ | २७३६९ | ४६७५ | ० | ३२०४४ | ३०१०६ | ५१४३ | ० | ३५२४९ |

# भौतिक पूर्वाधार विकास मन्त्रालय

**१. पृष्ठभूमिः**

नेपालको संविधान लागु भए पश्चात देशमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार रहेको छ। संविधान प्रदत्त अधिकार तथा स्विकृत कार्य विभाजन नियमावली अनुसार विभिन्न क्षेत्रहरुमा तीनवटै तहका सरकारहरुले गर्ने कार्य विभाजन गरिएको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा तोकिएको कार्य जिम्मेवारीहरु बमोजिम बागमती प्रदेशका तेह्र जिल्लाहरुमा विभिन्न भौतिक संरचनाहरुको नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तर्जूमासहित विभिन्न अध्ययन अनुसन्धानका कार्यहरु, समन्वय र नियमन गर्न यस मन्त्रालयको स्थापना भएको छ। यसका अतिरिक्त आयोजना निर्माण, कार्यान्वयन, संचालन, मर्मत सम्भार लगायतका कार्यहरु यस मन्त्रालय मातहतका कार्यालयहरुबाट हुने परिकल्पना गरिएको छ।

२. **सोचः** "बागमती प्रदेश समृद्धिको आधारः श्रम, सिर्जना, उत्पादन, पूर्वाधार र रोजगार"

३. **लक्ष्यः** श्रम सम्मान, सिर्जनात्मकता, उत्पादकत्व वृद्धि तथा रोजगारी वृद्धि गर्न गुणस्तरीय पूर्वाधारहरुको निर्माण गरी प्रदेशका नागरिकहरुलाई सर्वसुलभ खानेपानी सेवाको पहुँच, सुविधायुक्त व्यवस्थित र पहिचानयुक्त बस्ती विकास गर्ने, कृषि उत्पादनमा आत्मनिर्भरताको लागि सर्वयाम सिंचाई प्रणाली विस्तार गर्ने र सुरक्षित तथा भरपर्दो सडक सञ्जालको विकास गर्ने।

**४. उद्देश्यः**

- यातायात सेवालाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित, भरपर्दो, व्यवस्थित बनाउन प्रदेश स्तरीय सडक सञ्जालको विकास तथा विस्तार गरी आर्थिक क्रियाकलाप सुदृढीकरण गर्नु।
- सम्पूर्ण सवारी साधनहरुको विवरण डिजिटाइजेसन गरी अनलाईन मार्फत् सेवा प्रदान गर्नु।
- प्रदेशभित्र किफायती, सुरक्षित, भरपर्दो र वातावरणमैत्री यातायात संचालनको लागि विद्युतीय सवारी साधन संचालन तथा व्यवस्थापन गर्नु।
- प्रदेशका सबै नागरिकहरुलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउनु।
- सिंचित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय, जलाशययुक्त आयोजना र भूमिगत सिंचाई आयोजनाहरुको अभिवृद्धि गर्नु।
- सिंचाइको आवश्यकता भएको स्थानमा सर्वयाम सिंचाई प्रणालीको विकास गर्नु।
- जलविद्युत लगायत वैकल्पिक उर्जाहरुको विकास तथा विस्तार गरी बागमती उज्यालो प्रदेशमा रुपान्तरण गर्नु।
- आधारभूत सुविधायुक्त, व्यवस्थित, सुरक्षित एवं पहिचानयुक्त शहरको विकास गर्नु।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३३७००११ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २५४२८१ | ३९३६०० | | ६४७८८१ | २७९७०९ | ४३२९६० | ० | ७१२६६९ | ३०७६८० | ४७६२५६ | ० | ७८३९३६ |
| ३३७०००१४ | प्रदेश पूर्वाधार विकास कार्यक्रम | ० | १९८०००० | | १९८०००० | ० | २१७८००० | ० | २१७८००० | ० | २३९५८०० | ० | २३९५८०० |
| ३३७००१२० | भौतिक पूर्वाधार विकास मन्त्रालय (संघ सशर्त अनुदान) | ९३२०० | २९००००० | | २९९३२०० | १०२५२० | ३१९०००० | ० | ३२९२५२० | ११२७७२ | ३५०९००० | ० | ३६२१७७२ |
| ३७००१०११ | यातायात पूर्वाधार निर्देशनालय | १८६५६ | ६४८९०० | | ६६७५५६ | २०५२२ | ७१३७९० | ० | ७३४३१२ | २२५७४ | ७८५१६९ | ० | ८०७७४३ |
| ३७००१०१२ | पूर्वाधार विकास कार्यालयहरु | १२१९४० | ६४२१४५० | | ६५४३३९० | १३४१३४ | ७०६३५९५ | ० | ७१९७७२९ | १४७५४७ | ७७६९९५५ | ० | ७९१७५०२ |
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरु | २१३३२१ | १६२०० | | २२९५२१ | २३४६५३ | १७८२० | ० | २५२४७३ | २५८११८ | १९६०२ | ० | २७७७२० |
| ३३७०२०१२ | यातायात व्यवस्था सेवा कार्यालयहरु | ४२१५१ | ७७०० | | ४९८५१ | ४६३६६ | ८४७० | ० | ५४८३६ | ५१००३ | ९३१७ | ० | ६०३२० |
| ३३७०३०११ | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु | १३९७१२ | १८६०७०० | | २०००४१२ | १५३६८३ | २०४६७७० | ० | २२००४५३ | १६९०५२ | २२५१४४७ | ० | २४२०४९९ |
| ३३७०३०१२ | भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु | १९३७४ | १८४१०० | | २०३४७४ | २१३११ | २०२५१० | ० | २२३८२१ | २३४४३ | २२२७६१ | ० | २४६२०४ |
| ३३७०४०११ | शहरी विकास तथा भवन कार्यालयहरु | ५५६४९ | १०७७४०० | | ११३३०४९ | ६१२१४ | ११८५१४० | ० | १२४६३५४ | ६७३३५ | १३०३६५४ | ० | १३७०९८९ |
| ३३७०५०११ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु | ७६६६० | १२८४०५० | | १३६०७१० | ८४३२६ | १४१२४५५ | ० | १४९६७८१ | ९२७५९ | १५५३७०१ | ० | १६४६४५९ |

# सामाजिक विकास मन्त्रालय

## १. पृष्ठभूमिः

यो प्रदेश तहमा सामाजिक क्षेत्रमा कार्य जिम्मेवारी सम्पादन गर्ने जिम्मेवारी सहित स्थापना भएको हो। यस मन्त्रालय अन्तर्गत शिक्षा, स्वास्थ्य, युवा, खेलकुद, भाषा, संस्कृति, पुरातत्व, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, सामाजिक सुरक्षा तथा श्रम तथा रोजगार जस्ता विषय क्षेत्रहरुको कार्य जिम्मेवारी तोकिएको छ। खास गरी नागरिकलाई सर्बसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराई जीवनस्तरमा सुधार ल्याउनु, अपाङ्ग तथा असक्त नागरिकलाई समान व्यवहार र विषेश सेवा सुविधा उपलब्ध गराउनु युवा तथा खेलकुद पूर्वाधारको विकास विस्तार एवं भाषा, लिपी, कला संस्कृतिको संरक्षण र प्रयोग, स्मारक र पुरातात्विक महत्वका स्थल संरक्षण गर्ने यस मन्त्रालयको मुख्य भूमिका रहेको छ।

## २. सोचः

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने।
- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मिहरु सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने।
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने र यसका लागि निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै उपनत्व प्रवर्द्धन गर्ने।
- सबै नेपाली नागरिकहरु शारीरिक, मानसिक, सामाजिक र भावनात्मक दृष्टिकोणबाट स्वस्थ रही उत्पादशिल र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने।
- लैङ्गिक समानता मार्फत मर्यादित, न्यायपुर्ण, सुरक्षित र सभ्य समाजको विकास गर्ने।
- बालबालिका तथा किशोर किशोरीहरुका अधिकार संरक्षण गर्दै उनीहरुलाई समक्ष र योग्य नागरिक बनाउने।
- ज्येष्ठ नागरिकको अधिकार संरक्षण एवं सम्मानजनक जीवनयापको व्यवस्था गर्ने।
- आधारभूत सामाजिक संरक्षण, सेवा, सुविधाहरुमा सबै नागरिकको पहुँच अभिवृद्धि गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक, सामाजिक सशक्तिकरण तथा पुर्ण अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणको व्यवस्था गर्ने।
- मानव बेचबिखन तथा ओसारपोसारको नियन्त्रणबाट आत्मसम्मानयुक्त समाजको स्थापना गर्ने।
- सामाजिक, आर्थिक तथा राजनीतिक अवसरहरुमा समान सहभागिताको सुनिश्चतता गरी लैङ्गिक मुलप्रवाहीकरण र सशक्तीकरण गर्ने।

- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोर किशोरीहरुलाई संरक्षण गर्ने।
- ज्येष्ठ नागरिकका सेवा सुविधाहरुको पहुँचलाई सहज बनाई उनीहरुलाई सुरक्षित र सम्मानित तुल्याउनुका साथै सामाजिक संरक्षणका कार्यक्रमलाई समावेसी, गुणस्तरीय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितता गर्दै उनीहरुको जीवनस्तरमा सुधार गर्ने।
- सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको व्यवस्थापन गर्न सघाउ पुऱ्याउने।
- मावन बेचबिखन तथा ओसारपोसारको जोखिम पहिचान गरी नियन्त्रणका लागि उपयुक्त कदम चालिने।
- शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धि, सम्बर्द्धन र सांस्कृतिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने।
- बहुल संस्कृति एवम् सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र सास्कृतिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने।
- विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माण गर्ने।
- स्वयंसेवक सेवाबाट सभ्य, सहयोगी र अन्तनिर्भर समाज निर्माण गर्ने।

## ३. उद्देश्यः

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने।
- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरिय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एंव जवाफदेहीपुर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने।
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने र यसकका लागि निजि तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै उपनत्व प्रबर्द्धन गर्ने।
- सामाजिक, आर्थिक तथा राजनीतिक अवसरहरुमा समान सहभागिताको सुनिश्चितता गरी लैङ्गिक मूलप्रवाहीकरण र शसक्तीकरण गर्ने।
- लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्कारको अन्त्य गर्ने।
- हिंसा प्रभावित तथा विभिन्न हुनै सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारवाट बालबालिका तथा किशोर किशोरीहरुलाई संरक्षण गर्ने।
- ज्येष्ठ नागरिकका सेवा सुविधाहरुको पहुँचलाई सहज बनाई उनीहरुलाई सुरक्षित र सम्मानित तुल्याउनुका साथै सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरिय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।

- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण र अवरोधमुक्त वातावरणका लागि आवश्यक कदम चाल्दै उनीहरुलाई समतामूलक पहुँच बढाउने।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायको साधन श्रोत, सेवा र सुविधामा पहुँच सुनिश्चित गर्ने।
- सबै नागरिकहरुलाई शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी शिक्षामा पहुँच, गुणस्तर र व्यवस्थापनमा बृद्धि गर्न।
- गुणस्तरमा जीवनयापन गर्न चाहिने सीप, योग्यता, क्षमताको अभिवृद्धि गर्ने प्रतिस्पर्धि, उद्यमी र नवप्रवर्तनात्मक मानव पूँजीको विकासबाट आर्थिक, सामाजिक रुपान्तरण गर्ने।
- विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माण ध्येयलाई योजनाबद्ध रुपमा खेलकुदको माध्यमबाट अघि बढाउने।
- प्रभावकारी कार्ययोजना र कार्यान्वयनका माध्यमबाट भाषाको जगेर्ना र सांस्कृतिक धरोहरको संरक्षण सम्वर्द्धन गर्ने तथा सांस्कृतिक पक्षको विकासमा जोड दिने।

**४. लक्ष्यः**

- संविधानले प्रदान गरेको स्वास्थ्य सम्बन्धी हकलाई सुनिश्चित गर्न गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरी न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने।
- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोर किशोरीहरुलाई संरक्षण गर्ने।
- ज्येष्ठ नागरिकका सेवा सुविधाहरुको पहुँचलाई सहज बनाई उनीहरुलाई सुरक्षित र सम्मानित तुल्यानुका साथै सामाजिक संरक्षणका कार्यक्रमलाई समावेसी, गुणस्तरिय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।
- सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरिय एवम् प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउँने।
- मानव बेचविखन तथा ओसारपोसारको जोखिम पहिचान गरी नियन्त्रणका लागि उपयुक्त कदम चालिने।
- सबैलाई जीवन उपयोगी शिक्षाका अवसरहरु प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशिल शैक्षिक प्रणाली विकास गर्ने।
- रोजगारी एवम् स्वरोजगारीका लागि सिपमुलक शिक्षाको विस्तार गर्ने।
- धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुको पुनर्निर्माण गरी संरक्षण र सम्बर्द्धन गर्ने।
- मौलिक संस्कृतिहरुको जगेर्ना गर्दै विकासका मूलप्रवाहीकरण गर्ने।
- युवाहरुलाई राष्ट्रको सर्वाङ्गिण विकासमा मुलप्रवाहीकरण गर्ने।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३५०००११ | सामाजिक विकास मन्त्रालय | १२३१२५७ | ११०५३१२ | | २३३६५६९ | १३५४३८३ | १२१५८४३ | ० | २५७०२२६ | १४८९८२१ | १३३७४२८ | ० | २८२७२४८ |
| ३५०००१२० | सामाजिक विकास मन्त्रालय (संघ सशर्त अनुदान) | १९४२०५० | ३५३६५० | | २२९५७०० | २१३६२५५ | ३८९०१५ | ० | २५२५२७० | २३४९८८१ | ४२७९१७ | ० | २७७७७९७ |
| ३५००१०११ | शिक्षा विकास निर्देशनालय | ४८४०७० | ४१०५ | | ४८८१७५ | ५३२४७७ | ४५१६ | ० | ५३६९९३ | ५८५७२५ | ४९६७ | ० | ५९०६९२ |
| ३५००२०११ | स्वास्थ्य निर्देशनालय | ५८५६० | १०५० | | ५९६१० | ६४४१६ | ११५५ | ० | ६५५७१ | ७०८५८ | १२७१ | ० | ७२१२८ |
| ३५००२०१२ | स्वास्थ्य कार्यालयहरु | २६०२६७ | ६५०० | | २६६७६७ | २८६२९४ | ७१५० | ० | २९३४४४ | ३१४९२३ | ७८६५ | ० | ३२२७८८ |
| ३५००२०१३ | अस्पतालहरु | ५०८९१४ | ० | | ५०८९१४ | ५५९८०५ | ० | ० | ५५९८०५ | ६१५७८६ | ० | ० | ६१५७८६ |
| ३५००२०१४ | आयुर्वेद औषधालयहरु | ८५२६४ | ६५४० | | ९१८०४ | ९३७९० | ७१९४ | ० | १००९८४ | १०३१६९ | ७९१३ | ० | १११०८३ |
| ३५००२०११ | शिक्षा तालिम केन्द्र | ३३४९७ | ९४०० | | ४२८९७ | ३६८४७ | १०३४० | ० | ४७१८७ | ४०५३१ | ११३७४ | ० | ५१९०५ |
| ३५००४०११ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरु | ६२६३१ | १४२५ | | ६४०५६ | ६८८९४ | १५६८ | ० | ७०४६२ | ७५७८४ | १७२४ | ० | ७७५०८ |
| ३५००२०११ | स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १५५६४८ | १८८१०० | | ३४३७४८ | १७१२१३ | २०६९१० | ० | ३७८१२३ | १८८३३४ | २२७६०१ | ० | ४१५९३५ |
| ३५००६०११ | स्वास्थ्य तालिम केन्द्र | ३९४१५ | २२०० | | ४१६१५ | ४३३५७ | २४२० | ० | ४५७७७ | ४७६९२ | २६६२ | ० | ५०३५४ |
| ३५००७०११ | जनस्वास्थ्य प्रयोगशाला | ३४६३६ | १०५५० | | ४५१८६ | ३८१०० | ११६०५ | ० | ४९७०५ | ४१९१० | १२७६६ | ० | ५४६७५ |

# प्रदेश नीति तथा योजना आयोग

## १. पृष्ठभूमिः

सहि तथ्याङ्क सूचना एवं अनुसन्धानमा आधारित भई यथार्थपरक, व्यवहारिक र नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वयन, नतिजा सूचकमा आधारित, नियमित र समस्या समाधानमुखी अनुगमन प्रक्रिया, प्रभाव र नतिजा उन्मुख मुल्याङ्कन प्रणाली स्थापनाद्वारा नै योजनाले चाहेको प्रतिफल हासिल गर्न सकिन्छ। विगतको केन्द्रीय र जिल्लास्तरको योजना प्रक्रिया र तीनका उपलब्धिवाट पाठ सिकी वस्तुपरक र यथार्थमा आधारित, नवीन र महत्वाकाङ्क्षी तर व्यवहारिक र हासिल गर्न सकिने योजना निर्माणमा जोड दिनुपर्ने देखिन्छ। यसका लागि परियोजनाको पहिचान, वर्गीकरण, छनौट, विश्लेषण, मुल्याङ्कन र प्राथमिकताको मापदण्ड विकास गरी प्रादेशिक परियोजना बैंकको स्थापना गर्नु उपयुक्त हुन्छ। नेपालमा प्रदेशस्तरीय योजना प्रक्रियाको भर्खरै सुरुआत हुँदैछ तर तथ्याङ्क व्यवस्थापन भइसकेको स्थिति छैन। प्रदेश र स्थानीय तहको तथ्याङ्क जिल्लागत छुट्याएर लिनुपर्ने स्थिति छ। अधिकांश तथ्याङ्क २०६८ को जनगणनामा आधारित छन। प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन, राष्ट्रिय तथा अन्तरप्रदेश विकास परियोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्वन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसंग सहयोग, समन्वय र सहकार्य जस्ता विषयहरु प्रदेशको कार्य क्षेत्रमा पर्दछन।

## २. सोचः

तथ्याङ्क र सूचनामा आधारित नतिजामुखी योजना तर्जुमा, अनुगमन र मुल्याङ्कन प्रणाली।

## ३. लक्ष्यः

योजनाको हरेक श्रृंखलाहरु यथार्थपरक, अन्तर सम्बन्धित, व्यवहारिक भई लक्ष्य र प्रगति वीचमा सामञ्जस्यता स्थापित भएको हुने।

## ४. उद्देश्यः

(क) तथ्याङ्क एवं मापदण्डमा आधारित योजना तर्जुमा गर्नु,

(ख) योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउनु,

(ग) अनुसन्धान र विकासलाई योजनाको आधारको रुपमा स्थापित गर्नु, र

(घ) परियोजना बैकमा आधारित योजना प्रणाली स्थापित गर्नु।

## ५. त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | आयोजनाको नाम | पहिलो वर्ष (२०७७/७८) | | | | दोस्रो वर्ष (२०७८/७९) | | | | तेस्रो वर्ष (२०७९/८०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३९१०००११ | प्रदेश नीति तथा योजना आयोग | ४०२०३ | ८३५० | | ४८५५३ | ४४२२३ | ९१८५ | ० | ५३४०८ | ४८६४६ | १०१०४ | ० | ५८७४९ |